# डिलासैनी गाउँपालिकाका लागि सब इन्जिनियर, कम्प्युटर अपरेटर, ल्याब असिस्टेन्ट र कार्यालय सहयोगि छनौटको मापदण्ड

प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको कर्मचारी छनौट तथा सिफारिस समितिको मिति २०७४।११।२० मा बसेको बैठकले कर्मचारी छनौटका तपशिलका आधारहरु तय गरेको छ ।

**१. वैयक्तिक विवरण परिक्षण:**

सब इन्जिनियर, कम्प्युटर अपरेटर र ल्याब असिस्टेन्ट पूर्णांक ३०

| क.सं | विवरण | पूर्णांक | कैफियत |
|---|---|---|---|
| १ | अनुभव | | |
| | सम्बन्धित विषयमा सरकारी क्षेत्रमा न्यूनतम १ वर्ष काम गरेको भए ४ अंक र थप हरेक वर्षका लागि ३ अंक वा सम्बन्धित विषयमा अर्ध सरकारी, सामुदायिक, गैर सरकारी तथा निजी क्षेत्रमा न्यूनतम १ वर्ष काम गरेको भए ३ अंक र थप हरेक वर्षका लागि २ अंक | १२ | |
| २ | तालिम | | |
| | सम्बन्धित विषयमा ३ कार्य दिन भन्दा बढी अवधीको कम्तीमा १ वटा तालिमका लागि ३ अंक र थप हरेक तालिमका लागि २ अंक | ८ | |
| ३ | स्थायी ठेगाना | | |
| | डिलासैनी गाउँपालिका स्थायी ठेगाना भएमा | १० | |
| | छिमेकी स्थानीय तहमा स्थायी ठेगाना भएमा (जिल्ला फरक भए पनि छिमेकी मानिने) | ८ | |
| | बैतडी जिल्लामा स्थायी ठेगाना भएमा | ६ | |
| | ७ नं. प्रदेश स्थायी ठेगाना भएमा | ४ | |
| | अन्यथा | २ | |

कार्यालय सहयोगी पूर्णांक : २०

| क.सं. | विवरण | पूर्णांक | कैफियत |
|---|---|---|---|
| १ | अनुभव | | |
| | कार्यालय सहयोगीका रुपमा सरकारी क्षेत्रमा कम्तीमा ६ महिना काम गरेको भए १ अंक र थप हरेक ६ महिनाका लागि १ अंक वा कुनै अर्ध सरकारी, सामुदायिक, गैर सरकारी क्षेत्रमा कम्तीमा १ वर्ष काम गरेको भए १ अंक र थप हरेक वर्षका लागि १ अंक | ४ | |
| २ | तालिम | | |
| | सुरक्षा गार्ड, कुक, सरसफाईसम्बन्धी, कम्प्युटर सम्बन्धी विषयमा २ कार्य दिन भन्दा बढी दिनको कम्तीमा १ वटा तालिमका लागि १ अंक र थप हरेक तालिमका लागि १ अंक | ३ | |
| ३ | सिप | | |
| | २ पांग्रे वा ४ पांग्रे सवारी साधन चलाउने अनुमति पत्र भएको, मेशिनरी औजार (प्रिन्टर, फोटोकपी मेशिन आदि) मर्मत तालिम वा इलेक्ट्रिसियन तालिम लिएको प्रमाण पत्र भएको उम्मेदवारलाई प्रति तालिम १ का दरले ३ अंक | ३ | |
| ४ | स्थायी ठेगाना | | |
| | वि.नं. ०४।०७४।७५, गाउँपालिकाका लागि | | |
| | डिलासैनी गाउँपालिका स्थायी ठेगाना भएमा | १० | |
| | छिमेकी स्थानीय तहमा स्थायी ठेगाना भएमा (जिल्ला फरक भए पनि छिमेकी मानिने) | ५ | |
| | बैतडी जिल्लामा स्थायी ठेगाना भएमा | ३ | |
| | ७ नं. प्रदेश स्थायी ठेगाना भएमा | १ | |
| | अन्यथा | ० | |
| | वि.नं. ०५र ०६।०७४।७५, १ नं. र ५ नं. वडा कार्यालयका लागि | | |
| | सम्बन्धित वडामा स्थायी ठेगाना भएमा | १० | |
| | छिमेकी वडामा स्थायी ठेगाना भएमा | ५ | |
| | गाउँपालिका भित्र स्थायी ठेगाना भएमा | ३ | |
| | छिमेकी गाउँपालिकामा स्थायी ठेगाना भएमा | १ | |
| | अन्यथा | ० | |

**२. लिखित परीक्षा:**

सब इन्जिनियर र ल्याब असिस्टेन्ट पूर्णांक : ५० उत्तीर्णांक: २०

समय १:३० घन्टा

| क.सं. | प्रश्नको प्रकृति र संख्या | अंकभार | पूर्णांक | पाठ्यक्रम |
|---|---|---|---|---|
| १ | वस्तुगत प्रश्न २५ वटा | प्रतिप्रश्न १ अंक | पूर्णांक २५ | लोक सेवा आयोगको पाठ्यक्रममा आधारित सामान्यतया सबै परिच्छेद छुने |
| २ | विषयगत प्रश्न ५ वटा | प्रतिप्रश्न ५ अंक | पूर्णांक २५ | |

कम्प्युटर अपरेटर

पूर्णांक : ३० उत्तीर्णांकः १२
समय ४५ मिनेट

| क.सं. | प्रश्नको प्रकृति र संख्या | अंकभार | पूर्णांक | पाठ्यक्रम |
|---|---|---|---|---|
| १ | वस्तुगत प्रश्न ३० वटा | प्रतिप्रश्न १ अंक | पूर्णांक ३० | लोक सेवा आयोगको पाठ्यक्रममा आधारित सामान्यतया सबै परिच्छेद छुने |

कार्यालय सहयोगी

पूर्णांक : २० उत्तीर्णांक ८
समय ४५ मिनेट

| क.सं. | प्रश्नको प्रकृति र संख्या | अंकभार | पूर्णांक | पाठ्यक्रम |
|---|---|---|---|---|
| १ | वस्तुगत प्रश्न १० वटा | प्रतिप्रश्न १ अंक | १० | नेपालको भुगोल, नेपालको इतिहास, नेपालको संविधान |
| २ | विषयगत प्रश्न २ वटा | प्रतिप्रश्न ५ अंक | १० | कार्यालय सञ्चालनसम्बन्धी सामान्य जानकारी |

**३. प्रयोगात्मक परिक्षा :**

कम्प्युटर अपरेटरको हकमा मात्र

पूर्णांक : २० उत्तीर्णांकः ८
समय २० मिनेट

| विषय | पूर्णांक | मूल्यांकन प्रणाली | समय |
|---|---|---|---|
| windows basic, ms word, excel, power point, internet, email | १० | ०.५ अंक वा १ अंकका प्रश्नहरु | १० मिनेट |
| देवनागरि टाइपिंग | ६ | प्रति मिनेट ०-५ शुद्ध शब्द ० अंक<br>प्रति मिनेट ५ वा ५-७.५ शुद्ध शब्द १ अंक<br>प्रति मिनेट ७.५ वा ७.५-१० शुद्ध शब्द १.५ अंक प्रति मिनेट १० वा १०-१२.५ शुद्ध शब्द २ अंक प्रति मिनेट १२.५ वा १२.५-१५ शुद्ध शब्द २.५अंक प्रति मिनेट १५ वा १५-१७.५ शुद्ध शब्द ३ अंक<br>प्रति मिनेट १७.५ वा १७.५-२० शुद्ध शब्द ३.५अंक<br>प्रति मिनेट २० वा २०-२२.५ शुद्ध शब्द ४ अंक प्रति मिनेट २२.५ वा २२.५-२५ शुद्ध शब्द ४.५अंक प्रति मिनेट २५ वा २५-२७.५ शुद्ध शब्द ५ अंक<br>प्रति मिनेट २७.५ वा २७.५-३० शुद्ध शब्द ५.५अंक<br>प्रति मिनेट ३० वा ३० भन्दामाथि शुद्ध शब्द ६अंक | ५ मिनेट |
| English typing | ४ | प्रति मिनेट ०-१० शुद्ध शब्द ० अंक<br>प्रति मिनेट १० वा १०-१५ शुद्ध शब्द १ अंक<br>प्रति मिनेट १५ वा १५-२० शुद्ध शब्द १.५ अंक<br>प्रति मिनेट २० वा २०-२५ शुद्ध शब्द २ अंक<br>प्रति मिनेट २५ वा २५-३० शुद्ध शब्द २.५अंक<br>प्रति मिनेट ३० वा ३०-३५ शुद्ध शब्द ३ अंक<br>प्रति मिनेट ३५ वा ३५-४० शुद्ध शब्द ३.५अंक<br>प्रति मिनेट ४० वा ४० भन्दामाथि शुद्ध शब्द ४ अंक | ५ मिनेट |

**४. अन्तर्वार्ता :** पूर्णांक : २०

लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई मात्र अन्तर्वार्ता र प्रयोगात्मक परीक्षामा सहभागी गराइने छ।

अन्तर्वार्तामा उम्मेदवारको प्रस्तुतिकरण, विषय वस्तुको ज्ञान र संगठनात्मक व्यवहारका आधारमा अंक दिइने छ।

अन्तर्वार्तामा ४० प्रतिशत भन्दा घटी र ७० प्रतिशतभन्दा बढी अंक प्रदान गर्दा पुष्ट्याईं दिनुपर्ने छ।

वैयक्तिक विवरण, लिखित परिक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको कूल प्राप्तांकका आधारमा सबैभन्दा बढी अंक ल्याउने माग पद संख्या बराबरका उम्मेदवारलाई सम्झौता/नियुक्तीका लागि डिलासैनी गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गरिने छ। त्यसपछिका बढी अंक ल्याउने माग पद संख्या बराबरका उम्मेदवारलाई वैकल्पिक उम्मेदवारका रुपमा सिफारिस गरिने छ। मुख्य उम्मेदवार नियुक्ती हुन नआएमा वैकल्पिक लाई सिफरिस गर्न सकिने छ। लिखित परीक्षामा माग बमोजिम उत्तीर्ण नभएमा उत्तीर्ण भए बराबरको संख्यामा मात्र सिफरिस गर्न बाधा पर्ने छैन।